# सुर्खेत घोषणा-पत्र

## २ पौष, २०७५

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको समन्वयमा भूमि व्यवस्थापन तथा अभिलेख विभाग र नापी विभागबाट कर्णाली प्रदेशको सुर्खेतमा मिति २०७५ पौष ०१ देखि ०२ गतेसम्म प्रदेश स्तरीय बार्षिक समिक्षा गोष्ठी सम्पन्न गरियो। संघिय भूमि व्यवस्था, सहकारी तथा गरीबि निवारण मन्त्री, कर्णाली प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्री र भूमि, कृषि तथा सहकारी मन्त्रीको समुपस्थितिमा कर्णाली प्रदेशका निमित्त प्रमुख सचिवज्यू, भूमि, कृषि तथा सहकारी सचिवज्यू, बिरेन्द्रनगर नगरपालीकाका उप प्रमुखज्यू लगायत गुठी प्रशासकज्यू, भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयका सह-सचिवज्यू, भूमि व्यवस्थापन तथा अभिलेख विभागका महानिर्देशकज्यू, नापी विभागका उप महानिर्देशकज्यू, कर्णाली प्रदेश स्थित सम्पूर्ण नापी तथा मालपोत कार्यालयहरुका प्रमुखहरु, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, भूमि व्यवस्थापन तथा अभिलेख विभाग र नापी विभागबाट प्रतिनिधित्व गरी सहभागी भएका कर्मचारीहरु समेतको समुपस्थितिमा गोष्ठीको उदघाटन भएको थियो। मालपोत तथा नापी कार्यालयहरुबाट प्रवाह हुने सेवालाइ थप प्रभावकारी बनाउन र गत आ व मा भए गरेका कार्यको समिक्षा गर्ने उद्देश्यले आयोजित उक्त दुइ दिवसीय गोष्ठीबाट चालु आ व को कार्य सम्पादन र सेवा प्रवाहमा सुधार ल्याउन तपशिल बमोजिमको सामुहिक प्रतिबद्वता व्यक्त गर्ने घोषणा गर्दछौं।

तपशिल

१. जग्गा प्रशासनमा देखिएका समस्याहरु समाधान गर्दै कर्मचारीहरुको आचरणमा सुधार गरी विद्यमान जनशक्तिको अधिकतम परिचालनबाट जनचाहना बमोजिम सेवा प्रवाह गर्न थप प्रयत्नशिल रहने ।
२. कार्यालयहरुको भौतिक अवस्थामा सुधार गरी सेवा प्रवाहलाइ सहज, पारदर्शी तथा प्रविधि मैत्री बनाउने ।
३. सरकारी, सार्वजनिक तथा गुठी जग्गाहरुको लगत अध्यावधिक गरी प्रदेश तथा स्थानीय तहसंगको समन्वयमा त्यस्तो जग्गाको संरक्षण गर्ने ।
४. भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासको समस्यालाइ समाधान गर्न सम्बन्धित सबै क्षेत्रबाट आवश्यक तयारी गर्ने।
५. कर्णाली प्रदेशका कार्यालयहरुमा मन्त्रालय र सम्बन्धित विभागहरुको नीति अनुरुप Online र digital प्रविधिबाट सेवा प्रवाह गर्न जनशक्तिको क्षमता तथा भौतिक पुर्वाधार तयार गर्न कृयाशिल रहने ।
६. कर्णाली प्रदेशका सबै नापी कार्यालयहरुको website बनाइ आवश्यक सूचना तथा विवरणहरु website मार्फत प्रकाशन गर्ने व्यवस्था मिलाउने ।
७. कार्यालयहरुमा देखा परेको जनशक्तिको अभावलाइ हटाउन मन्त्रालय र सम्बन्धित विभागहरुको समन्वयबाट आवश्यक जनशक्तिको व्यवस्थापन गर्ने ।
८. मुक्त हलिया पुनर्स्थापना सम्बन्धि कार्य यसै आर्थिक वर्ष भित्र सम्पन्न गर्न सम्बन्धित कार्यालयहरुले आवश्यक प्रबन्ध गर्ने ।
९. कार्यालयहरुमा रहेको बेरुजुलाइ फर्छयौट गरी आगामी दिनमा बेरुजु नआउने गरी कार्यहरु सन्चालन गर्ने।

१०. कार्यालयहरुमा रहेको मर्मत गर्न नसकिने तथा प्रयोगमा आउन नसक्ने उपकरण, औजार, फर्निचरको लिलामीको माध्यमबाट व्यवस्थापन गराउने।

११. सेवा प्रवाह गर्दा जिल्लास्थित मालपोत तथा नापी कार्यालयहरुले समन्वय, सहयोग र सहकार्य गरी सेवा उपलब्ध गराउने व्यवस्था गर्ने ।

१२. कार्यालयहरुमा रहेका नक्शा, फिल्डबुक तथा श्रेष्ताहरुको संरक्षणको आवश्यक व्यवस्था मिलाउने ।

१३. जग्गा प्रशासनको अभिलेख व्यवस्थापनलाई व्यवस्थित, वैज्ञानिक तथा व्यवहारिक बनाउन स्थानीय तथा प्रदेश सरकारको सहयोगमा जग्गा सुदृढीकरण कोष स्थापना तथा कार्यान्वयन गर्न पहल गर्ने।

१४. सुर्खेत जिल्लामा रहेका सम्पूर्ण गाँउ ब्लक जग्गाहरुको नाँप जाँच लगायतका सम्पुर्ण कार्यहरु यसै आर्थिक वर्ष भित्र सम्पन्न गर्ने ।

१५. स्थानीय तहको बर्तमान संरचना बमोजिम फाँटहरु बिभाजन गरी सेवा प्रवाह गर्ने व्यवस्था मिलाउने ।

१६. सम्बन्धित आन्तरिक राजश्व कार्यालयहरु सँग समेत समन्वय गरी प्रचलित व्यवस्था बमोजिम पारदर्शी ढंगले पुँजिगत लाभकर असुल गर्ने ।

१७. सबै कार्यालयमा सरसफाईको आवश्यक प्रबन्ध मिलाउन १ जना सरसफाई गर्ने ब्यक्तीको लागी आवश्यक पर्ने बजेटको व्यवस्था मिलाउने।